# विवाह, सम्बन्ध विच्छेद र अंशवण्डा सम्बन्धी व्यवस्थाहरूको

# जानकारी

## विवाह

कुनै पुरुष र महिलाबीच दाम्पत्य तथा पारिवारीक जीवन प्रारम्भ गर्नको लागि कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ। यस्तो विवाह स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन हो। विवाह जुनसुकै किसिमबाट भएको भएतापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ अर्थात् विवाह भएको पति-पत्नी बाहेक अन्य व्यक्तिले पनि थाहा पाउनु पर्छ।

### महिला र पुरूषबीच विवाह हुन सक्ने अवस्थाहरू

क) पुरुष र महिलाले एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजायँ हुने नाताको नभएमा,

ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,

घ) बीस वर्ष उमेर पूरा भएमा ।विवाह भएपछि आपसी प्रेम सद्भाव, पारिवारीक जीवन स्थापना र आपसी सहयोग, संरक्षण र सम्मान हुनुपर्छ।

### विवाह दर्ता सम्बन्धि व्यवस्था

पति तथा पत्नीले आफ्नो स्थानिय वडा कार्यालयमा रहेका पंजिकाधिकारी कहाँ निवेदन दिई विवाह दर्ता गराउनु पर्नेछ। पति र पत्नी दुवैले वा कुनै एक जनाले पनि विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ। यदि नेपाल बाहिर बसोबास गरेका पति तथा पत्नी छन् भने आफू रहे बसेको मुलुकमा रहेको नेपालको राजदूतावास वा महावाणिज्य दूतावासमा विवाह दर्ताको लागि निवेदन दिन सक्ने छन्।

## सम्बन्ध विच्छेद

**सम्बन्ध बिच्छेद भनेको** पति-पत्नीबीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम बिच्छेद गरिनु हो।

### सम्बन्ध बिच्छेदपछि महिलाले प्राप्त गर्ने कानुनी अधिकारहरू :

पति-पत्नीबीच पतिको कारणबाट सम्बन्ध बिच्छेद हुने भएमा पत्नीले माग गरेमा

- अंशवण्डा गरेर मात्रै सम्बन्ध बिच्छेद गर्न सकिन्छ।
- सम्बन्ध बिच्छेद गर्ने पत्नीले पतिसँग अंश नलिई एकमुष्ठ रकम वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको आधारमा एकमुष्ठ वा वार्षिक वा मासिक खर्च अदालतले भराई दिन सक्दछ।
- सम्बन्ध बिच्छेद गर्दा अंश पाउनुपर्ने पत्नीले पतिको सम्पति नभएको कारणले अंश नपाएमा पत्नीले त्यस्तो पतिबाट खानलाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध बिच्छेद भएको पतिको आम्दानीको आधारमा खानलाउने खर्च भराई दिन सक्नेछ।

### सम्बन्ध बिच्छेद गर्दा महिलाले अंश तथा खर्च भराउन नपाउने अवस्थाहरू

- पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा।

### महिलाले सम्बन्ध बिच्छेद गर्न पाउने अवस्थाहरू

क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

ग) पतिले पत्नीको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,

घ) पतिले अर्को विवाह गरेमा,

ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

च) पतिले पत्नीलाई जबर्जस्ती करणी गरेको ठहरेमा।

### पुरूषले सम्बन्ध बिच्छेद गर्न सक्ने अवस्थाहरू

क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति-पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

ग) पत्नीले पतिको अङ्ग-भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल-प्रपञ्च गरेमा,

घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा।

### सम्बन्ध बिच्छेदपछि छोराछोरीको अवस्था

१. ५ बर्ष उमेर पूरा नभएको सन्तान भएचाहेमा आमाले राख्न सक्छिन्।

२. ५ बर्षभन्दा माथिको सन्तान भए आमाले अर्को विवाह गरेकोमा बाहेक आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन्।

३. अन्य अवस्थामा बाबुको जिम्मामा रहनेछ।

४. आमा-बाबु दुवैको सहमति भएमा सहमति बमोजिम गर्न पनि सक्नेछन्।

५. १० बर्ष उमेर पूरा भएका नाबालकको सम्बन्धमा निर्णय लिंदा सम्बन्धित नाबालकको समेत राय लिन सकिन्छ।

६. नाबालक जिम्मा लिने आमा वा बाबुको मृत्यु भएमा जिवित आमा वा बावुले अविलम्व नावालक आफ्नो जिम्मामा लिनु पर्नेछ। तर अर्को विवाह गरिसकेकोमा पाँच बर्ष पूरा भएको नाबालक जिम्मा लिन कर लाग्ने छैन।

७. भिन्न भएकापति-पत्नी नाबालकको पालन-पोषण शिक्षा तथा उपचारको व्यवस्था सहमति भए सहमति बमोजिम सहमति नभएमा

   क. ५ बर्ष पूरा नभएको नाबालक भए आमाको जिम्मा,

   ख. ५ बर्ष माथि १० बर्ष पूरा नभएको भए बाबुको जिम्मा,

ग. १० बर्ष पूरा गरेको नाबालक भए निजले जोसँग मन्जुर गरेको छ निजको जिम्मा ।

८. तर नाबालकको जिम्मा लिने आमा वा बाबुभन्दा नलिनेको आम्दानी बढी भए सहमति भए सहमति बमोजिम वा नभए अदालतले तोके बमोजिम खर्च नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।

### यदि सम्बन्ध बिच्छेदपछि बच्चा जन्मेमा

यदि सम्बन्ध बिच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा यन्यथा प्रमाणित नभएसम्म सो बच्चा सम्बन्ध बिच्छेद भएकै श्रीमान्को मानिन्छ ।

### सम्बन्ध बिच्छेदको उजुर गर्ने निकाय

सम्बन्ध बिच्छेदको लागि पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्नेछ ।

## महिलाको अंशवण्डा सम्बन्धी अधिकार

### महिलाको अंश हक सम्बन्धि व्यवस्था

महिलालाई जन्मैदेखि पैतृक सम्पत्तिमा अंश हक अधिकार प्राप्त हुन्छ र विवाहको आधारमा महिलालाई सम्पत्तिमा विभेद गर्न पाईदैन । महिलाले अंश निम्न अवस्थामा प्राप्त गर्न सक्छिन् ।

१. छोरीको अवस्था,
२. विवाहिता श्रीमतीको अवस्था,
३. एकल (श्रीमान्को मृत्यु पश्चात्) महिलाको अवस्था र
४. सम्बन्ध बिच्छेद गर्दाको अवस्थामा ।

### महिलाको एकलौटी हक लाग्ने निजी सम्पत्तिहरू

कुनै व्यक्तिले आफूले आर्जन गरी आफ्नो नाममा रहेका र त्यसबाट बढे–बढाएका निम्न प्रकारका सम्पत्तिलाई निजी सम्पत्ति भनिन्छ । निजी सम्पत्तिमा महिलाको एकलौटी हक हुन्छ र आफूखुशी गर्न पाउँछ ।

क. आफ्नो ज्ञान शीप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति
ख. दान, बकस वा अपुताली स्वरुप प्राप्त गरेको,
ग. चिठ्ठा उपहार स्वरुप प्राप्त गरेको,
घ. पारिश्रमिक, उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चयकोष, बीमा वा अन्य सामाजिक सुरक्षा बापत प्राप्त गरेको रकम,
ङ. बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरुप प्राप्त गरेको रकम,
च. मानो छुट्टिई पाएको वा आफ्नो खति-उपति गरी कमाएको,
छ. महिलाले विवाहपूर्व कमाएको वा विवाहको समयमा प्राप्त गरेको र बढे बढाएको,
ज. महिलालाई पति वा पतितर्फका सबै अंशियारहरुको मन्जुरीले एकलौटी हुने गरी लिखत गरिदिएको, वा दिएको चल-अचल सम्पत्ति र सोबाट बढे-बढाएको,
झ. कानून बमोजिम कुनै व्यक्तिको निजी सम्पत्ति मात्रै उल्लेख गरेको ।

### महिलाले अंश हक प्राप्त गर्ने सम्पत्तिहरू

निम्न बमोजिमको सगोलको सम्पत्तिबाट महिलालाई अंश हक प्राप्त हुन्छ ।

क. पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति
ख. निजी बाहेकको अंशियारका नाममा रहेको अन्य सम्पत्ति
ग. अंशियारले संगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे-बढाएको सम्पत्ति । संगोलको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति अंशियारहरु मध्ये जो-सुकैको नाममा रहेपनि सगोलको सम्पत्ति मानिन्छ । कानून बमोजिम भिन्न भएकोमा बाहेक पति वा पत्नीले कमाएको वा त्यसबाट बढे-बढाएको सम्पत्ति पति-पत्नीको सगोलको सम्पत्ति हुन्छ र बाबुआमाले आर्जन गरेको सम्पत्ति समेत छोराछोरीको लागि सगोलको सम्पत्ति मानिन्छ ।

### अंशबण्डा गर्दाका बखत महिला अंशियार गर्भवती भएमा

अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ । तर, गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन् ।

### अंशवण्डा सम्बन्धी अन्य व्यवस्थाहरू

- कानून बमोजिम विवाह हुन नसक्ने, विवाह भएको नमानिने वा वैवाहिक सम्बन्ध अन्त्य भएका दम्पतिबाट जन्मिएका छोराछोरीले त्यस्ता बाबु आमाबाट अंश पाउनेछन् ।
- बाबुको पहिचान नभएका छोराछोरीले आमाको सम्पत्तिबाट मात्र अंश पाउनेछन् ।
- प्रकाश नगरी बाहिर राखेका पत्नीले वा निजबाट जन्मेका छोराछोरीले पति वा बाबु मरेपछि अंशमा दाबी गर्न पाउने छैन ।
- कुनै व्यक्तिले पत्नी, छोराछोरीसँग अंशबण्डा गरी भिन्न भएपछि अर्को विवाह गरेमा वा त्यसरी विवाह गरेकी पत्नीबाट छोराछोरी जन्मिएमा त्यस्ता पत्नी वा छोरा, छोरीले पति वा बाबुको अंश भागबाट मात्र अंश पाउनेछन् ।
- पत्नी जीवित हुने कुनै व्यक्तिले अंशबण्डा नहुँदै अर्को विवाह गरेमा अन्य अंशियारको अंश भाग छुट्याई आफूले पाउने अंश भागबाट त्यसरी विवाह गर्ने महिलालाई अंश दिनु पर्नेछ ।
- सगोलमा बसेका दाजुभाइका छोराछोरी वा पत्नीले आफ्ना बाबु वा पतिको भागबाट मात्र अंश पाउनेछन् ।
- अंश नहुँदै पति वा बाबु-आमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोरा, छोरीले पाउनेछन् ।
- कुनै व्यक्तिको एकभन्दा बढी पत्नीहरू भएमा निजहरूले पतिको भागबाट मात्र अंश पाउनेछन् ।

Finn Church Aid

SOLVE

LACC